*“व्यावसायिक कृषि, पशुपालन र पूर्वाधार, समृद्ध भगवतीमाई गाउँपालिकाको आधार”*

# भगवतीमाई गाउँपालिका, दैलेख
# कर्णाली प्रदेश, नेपाल

## सातौँ गाउँसभामा प्रस्तुत
## वार्षिक नीति, कार्यक्रमतथा वजेट
## आ.ब.२०७७०७८

प्रस्तोता :

चन्द्रा रेग्मी(उपाध्यक्ष)

## १० आषाढ २०७७

## भगवतीमाई गाउँपालिकाको सातौंगाउँसभामा प्रस्तुत आ.व. २०७७।०७८को वार्षिक नीति, कार्यक्रम तथा बजेट

आदरणीय सभाध्यक्ष महोदय,

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबाट स्थापित कर्णाली प्रदेशको दैलेख जिल्ला अन्तर्गत भगवतीमाई गाउँपालिकाका आमनागरिकको प्रतिनिधिमूलक गाउँसभाको यस बैठकमा कोभिड–१९ को विषम परिस्थितिमा पनि गाउँपालिकाको विकास र समृद्धिको सपनालाई मुखरित गर्न आगामी आ.व. २०७७।०७८ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न भगवतीमाई गाउँपालिकाको उपाध्यक्षको हैसियतले उपस्थित भएको छु ।.

२. यस शुभ अवसरमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न, नेपालको भौगोलिक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय एकता, स्वाधिनताको लागिआफ्नो अमूल्य जीवन आहुती गर्नु हुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु साथै विभिन्न कालखण्डमा देशमा लोकतान्त्रिक विधि र पद्धती स्थापना तथा निरंकुशता विरुद्ध जीवन पर्यन्त संघर्ष गर्नुहुने दिवङ्गत नेताहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । देशको आमूल परिवर्तन र समाज रुपान्तरणको लागि त्याग र तपस्या गर्नुहुने घाइते, अपांगता योद्धा, वेपत्ता र सहिद परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु ।समृद्ध गाउँपालिकाको परिकल्पना पुरा गर्न विकास र उत्थानमा विगत र वर्तमानमा भूमिका खेल्नु भएका सम्पूर्ण क्षेत्रका व्यक्तित्वहरु,श्रद्धेय अग्रजहरु, विद्धानवर्ग, राजनीतिक दल, शिक्षाप्रेमी, न्यायप्रेमी जनसमुदायको योगदानको उच्च कदर एवं प्रशंसा गर्दै हार्दिक आभार प्रकट गर्दछु ।

३. विश्वव्यापी महामारीको रुपमा फैलिएको नोभल कोरोना भाईरस (कोभिड –१९) को कारण विश्व मानव जाती नै मानवीय र आर्थिक संकटमा गुर्जिरहेको विद्यमान परिवेशमा हाम्रो गाउँपालिका पनि अछुतो रहन सकेन र देशभरका स्थानीय तहहरु कोरोना भाईरस विरुद्ध पहिलो पंक्तिमा प्रत्यक्ष लडिरहेको अवस्थामा हाम्रो गाउँपालिका पनि संघर्षरत छ । जसले गर्दा गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासमा नै प्रत्यक्ष प्रभाव परेको कुरा सर्वविदितै छ । यस

महाविपत्तीमा कोभिड–१९ को कारणबाट ज्यान गुमाउनु भएका मृतआत्माहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दै संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु साथै यस संकटको घडीमा अग्रपंक्तिमा रहि काम गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी,कर्मचारी, सवारी चालक र सरसफाईकर्मीहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

४. यो चुनौतिपूर्ण परिवेश सामना गर्न बाध्यताका बीच सीमित स्रोत साधनबाट हाम्रा असीमित आवश्यकता सम्वोधन गर्नुपर्ने भएको हुँदा गाउँपालिका अत्यन्त कठिन अवस्थामा छ । गरिवी, अभाव, बेरोजगारी र विकटतासँग जुधिरहेको भगवतीमाई गाउँपालिका हालको कोभिड–१९ र बन्दाबन्दीका कारण आम नागरिकका सवाललाई योजना, कार्यक्रम तथा बजेटमा पुर्ण सम्वोधन गर्न कठिनाई छ । यस कठिन घडीमा भगवतीमाई गाउँपालिकाबासीको जीवनरक्षा नै हाम्रो मूल प्राथमिकता र दायित्व हो । यस बजेटमा हालको प्राथमिकता नै महामारी र भोकमरीबाट नागरिकको जीवनरक्षा गर्दै श्रम र उत्पादनमा अत्यधिक मानिसको संलग्नतापूर्वक रोजगारी श्रृजना गरी आर्थिक विकासमा टेवा पुऱ्याउनु यस बजेटको मुख्य उदेश्य हो ।

५.दशकौं लामो संघर्ष र बलिदानबाट प्राप्त राजनीतिक उपलब्धी एवम् स्थिरताले सिर्जना गरेको नेपालीको आशा, भरोसा र आफ्नै जीवनकालमा समृद्धि देख्न र अनुभूति गर्न पाइन्छ भन्ने ध्यय पूर्वक तय गरिएको **‘समृद्ध नेपाल, सुखी नेपालीको**” राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै **‘समृद्ध भगवतीमाई, सुखी भगवतीमाईवासी’** को सोच अनुरुप भगवतीमाई गाउँपालिकाको स्थानीय सरकार आम नागरिकको सर्वाङ्गिण विकास, सामाजिक न्याय सहितको समतामूलक समाज हुँदै समाजवाद उन्मुख समुन्नत, समृद्ध र सभ्य गाउँपालिका निर्माणमा प्रतिवद्धछ ।

६. आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, पन्ध्रौ आवधिक योजना तथा दिगो विकासका राष्ट्रिय लक्ष्य, संघीय तथा प्रदेश सरकारका नीति, कार्यक्रम तथा प्राथमिकता र गाउँसभा तथा कार्यपालिकाका सदस्यहरु, आमवुद्धिजीवी, कर्मचारीहरुको सुझावहरुलाई बजेटको मार्गदर्शनको रुपमा लिएको छु ।

**सभाध्यक्ष महोदय,**

७. गाउँपालिकावासीको आवश्यकता, प्राथमिकता र अधिकारको समूचित रुपमा विकास गर्न सकिएमा गाउँपालिकावासीहरुप्रति उत्तरदायी भएको ठहर्छ भन्ने कुरालाई मनन गर्दै **“व्यावसायिक कृषि, पशुपालन र पुर्वाधार, समृद्ध भगवतीमाई गाउँपालिकाको आधार”** भन्ने परिकल्पनालाई साकार पार्न म यस गरिमामय सभा समक्ष संक्षिप्त रुपमा आ.व.०७७।०७८ को वार्षिक नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्न चाहान्छु ।

**वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाका आधारहरु**

- नेपालको संविधान ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ ।
- पन्ध्रौ योजना तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन ।
- नेपाल सरकारले जारी गरेका ऐन, कानून, नीति तथा निर्देशनहरु ।
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा मार्गदर्शन तथा दिग्दर्शन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ।
- कर्णाली प्रदेश सरकारको नीति,कार्यक्रम तथा अन्तरसम्वन्धित विषयहरु ।
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता, सृजित दायित्व ।
- गाउँपालिकाका पदाधिकारी ज्यूहरु, राजनीतिक दल, विषयगत शाखा, नीजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु ।
- वडा समिति, विषयगत समिति हुँदै सहभागितामूलक योजना तर्जुमा प्रक्रियाद्धारा आएका योजना, कार्यक्रम तथा सुझावहरु ।
- भगवतीमाई गाउँपालिका क्षेत्रमा विकासको अवस्था तथा चुनौति र वस्तुस्थिति विश्लेषण ।

**सभाध्यक्ष महोदय,**
**अब म चालु आर्थिक वर्ष २०७६।०७७को बजेट तथा कार्यक्रमको समिक्षा पेश गर्ने अनुमति चाहान्छु ।**

८. राज्यको पुर्नसंरचनासँगै भगवतीमाई गाउँपालिकाको स्थापना भएपछिको पहिलो स्थानीय सरकार गठन पश्चात विगत ३ वर्षमा स्थानीय तहको अधिकार क्षेत्र र

जिम्मेवारी वमोजिम कार्यान्वयन गर्न आवश्यक विभिन्न ऐन, नियम कानूनहरुको अभाव तथा नीतिगत अस्पष्टता, कर्मचारी समायोजनको प्रभाव जस्ता विभिन्न चुनौतिहरुको सामना गर्दै हाल कोभिड –१९ को महामारीसँग लड्दै भगवतीमाई गाउँपालिकाप्रति स्थानीय आम नागरिकको आशा, भरोसा र आवश्यकतालाई मूर्तरुप दिनु पर्ने ऐतिहासिक जिम्मेवारी हाम्रो काँधमा छ । चुनौतीका पहाडहरुसँग जुध्दै भगवतीमाई गाउँपालिकाले विभिन्न स्थानीय कानूनहरुको निर्माण, भौतिक पूर्वाधार, आर्थिक, सामाजिक विकास र विपद् व्यवस्थापनको क्षेत्रमा महत्वपूर्ण सफलता हासिल गरेको छ ।

९. भगवतीमाई गाउँपालिकाका जनताको जीवन रक्षाको लागि विश्वव्यापी महामारीको रुपमा देखा परेको कोभिड–१९ विरुद्ध शुरुवात देखी नै यसको नियन्त्रण, रोकथाम, प्रतिकार्य र उपचारका लागि योजनाबद्ध रुपमा लागि परेको छ । हालसम्म कोभिड १९ बाट बच्न, रोकथाम, नियन्त्रण र उपचारको लागि स्थापित प्रकोप व्यवस्थापन कोषमा गाउँपालिकाको तर्फबाट रु. ३१८१३९०। र प्रदेश सरकारबाट रु. १५०००००।, प्रभु बैंक भगवतीमाई शाखा ५०,०००, स्वास्थ्यको लागि सक्षम प्रणालीबाट रु. १०००००, समुदायमा आधारित संस्था महासंघ, वेस्तडाबाट रु ९११९०। गरी जम्मा रु.४८७२३९०। प्राप्त भएकोमा हालसम्म रु. ४१,८२,७२७। खर्च भएको जानकारी यस सभालाई गराउँछु । यस संकटको घडीमा नगद तथा जिन्सी सहयोग गर्नुहुने संस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

१०. यस भगवतीमाई गाउँपालिकाले हालसम्म विभिन्न ४२ वटा ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरु निर्माण गरी लागु गुर्नको साथै श्रम रोजगार बैंक व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७६ पारित गरी आम नागरिकहरुको विकास निर्माणमा संलग्नता बढाउन प्रतिवद्ध रहेको छ ।

११. विभिन्न प्राकृतिक विपद्जन्य प्रकोपहरुबाट पीडित नागरिकहरुलाई विभिन्न राहत तथा आर्थिक सहयोग उपलब्ध गराईएको छ ।

१२. संघीय सरकारको साझेदारीमा गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्नको लागि बोलपत्र आह्वान भई ठेक्का अन्तिम चरणमा पुगेको छ । ४ र ५ नं. वडा कार्यालय भवन निर्माण कार्यको लागि ठेक्का सम्झौता भइसकेको छ ।

१३. वडा नं. ३ सान्तडामा १५ शैयाको अस्पताल निर्माण कार्य सम्पन्न भएको छ भने नेपाल सरकारबाट अस्पतालको स्वीकृति प्राप्त भई अस्पताल संचालनको बाटो खुलेको छ । साथै रुम स्वास्थ्य चौकी र वडाभैरव स्वास्थ्य चौकी भवन निर्माणको कार्यको लागि ठेक्का सम्झौता भएको छ ।

१४. नेपाल सरकारको ग्रामिण विद्युतीकरण नीति अन्तर्गत यस भगवतीमाई गाउँपालिकाका प्रत्येक वडा तथा वस्तीमा विद्युतको राष्ट्रिय प्रसारण लाईन विस्तारको लागि ग्रामीण सामुदायिक विद्युतीकरण विभागसँग साझेदारीमा यस गाउँपालिकाको लागत सहभागिता कार्य प्रारम्भ भएको छ । गाउँपालिकाको केन्द्र वेस्तडामा राष्ट्रिय प्रसारण लाईनबाट विद्युत संञ्चालन भएको छ भने यस गाउँपालिकाको रु. १ करोडको लगानीबाट वडा नं. २, ३ र ४ को वडा कार्यालयसम्म विद्युत लाईन विस्तारको कार्य अन्तिम चरणमा पुगेको छ ।

१५. यस गाउँपालिकाको **"एक घर, एक धारा"** को नीति कार्यान्वयनको लागि ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनासँग साझेदारी गरि३ वटाखानेपानी योजनाहरु सम्पन्न भएका छन्,३ वटा योजनाहरुनिर्माणाधिनअवस्थामा छन् रनेपाल सरकारको विशेष अनुदानमा वेस्तडा वृहत खानेपानी आयोजना, भक्केमुला राउचौर बरबाटा खानेपानी आयोजना र थुवाँ वडालेक चौरेबारी खानेपानी आयोजना निर्माण सुचारु गरिएको छ ।

१६. कोभिड –१९ बाट बच्न, रोकथाम, नियन्त्रण र उपचार सम्वन्धी कार्यहरुको अतिरिक्त स्वास्थ्य सेवामा जनताको सहज पहुँच र आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितताको लागि आवश्यक औषधी, स्वास्थ्य सुरक्षा सामग्री, स्वास्थ्य गतिविधि र स्वास्थ्य सेवाको उचित प्रवन्ध मिलाईएको छ ।

१७. नेपालमा कोरोना भाईरसको संक्रमण हुन थालेपछि चैत्र महिना देखी हालसम्म यस गाउँपालिकामा ३०९ जना व्यक्तिहरु छिमेकी मूलुक भारत र तेस्रो मूलुकबाट भित्रिएका छन् भने ४५७ जना व्यक्तिहरु उद्धार गरिएको छ । कोभिड –१९ परीक्षणको लागि ६६० पि.सी.आर किट र ५०० आर.डि.टी. किट खरिद गरी हालसम्म २६३ जनाको स्वाव परीक्षण गरिनुको साथै २६९ जनाको आर.डि.टी. परीक्षण गरिएको छ । सो परीक्षणबाट हालसम्म ११ जना कोरोना संक्रमित हुनु भएकोमा पुनः पि.सी.आर. परीक्षण गर्दा ४ जनामानेगेटिभ रिपोर्ट आई घर फर्किनु भएको छ भने ७ जना आइसोलेसनमा हुनुहुन्छ । विभिन्न ४ स्थानमा क्वारेन्टाईन स्थापना गरिएको २४५ जना क्वारेन्टाइनमा बसी परीक्षण पश्चात घर फर्किनु भएको छ भने हाल २४ जना क्वारेन्टाइनमा बसिरहनु भएको छ ।

१८. गाउँपालिकाको केन्द्र बेस्तडादेखि ७ वटै वडा कार्यालयसम्म १० महिना यातायात संचालन हुने गरी सडक स्तरोन्नती कार्य भईरहेको छ ।

१९.मानव जीवनको महत्वपूर्ण क्षेत्र शिक्षा र स्वास्थ्य सेवालाई सहज, सर्वसुलभ र गुणस्तरीय बनाउनको लागि जगनाथ स्वास्थ्य चौकी भवन निर्माण तथा विभिन्न वडाका विद्यालयहरुमा भवन निर्माणको कार्य सम्पन्न गरिएको छ ।

२०. यस गाउँपालिकाको विकासको मुख्य आधारको रुपमा रहेको कृषि क्षेत्रको व्यावसायीकरण, विविधिकरणको र बजारीकरणको लागि व्यावसायिक कृषक, कृषक समूह, फर्महरुलाई अनुदानका कार्यक्रमहरु कार्यान्वयन गरिएको छ ।

२१. यस गाउँपालिकाको यर्थात वस्तुस्थितिको विश्लेषण गरीगाउँ पार्श्वचित्र (Village Profile)रगाउँपालिकाको प्रथम पञ्च वर्षीय– आवधिक योजना ( २०७६।०७७–०८०।०८१) प्रकाशनको चरणमा पुगेको छ । जसले यस गाउँपालिकाको चौतर्फि विकासको पथप्रदर्शक को भूमिका सहित विभिन्न विकास साझेदारहरुलाई आकर्षित गराउनुको साथै बिभिन्न शोधकर्ता र अध्ययन अनुशन्धानकर्ताहरुलाई मार्गदर्शन गर्नेछ ।

२२. दिर्घकालीन महत्वका विभिन्न भौतिक पूर्वाधारका योजनाहरुलाई सरकारी, गैरसरकारी, स्वदेशी तथावैदेशिक दातृनिकायहरुको लगानी आर्कषित गरि निर्माण गर्न र व्यवस्थित रुपमा संञ्चालन गरि उपलब्धीमुलक बनाउन विभिन्न २२ वटा आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयारीगरी धेरै जसो आयोजनाहरु कार्यान्वयनको चरणमारहेका छन् ।

२३. संविधान तथा कानूनमा अधिकार र जिम्मेवारी किटान हुनु, अन्तर सरकारी वित्तीय हस्तान्तरणले गाउँपालिकाको योजना तथा विकास निर्माणमा सहयोग पुग्नु, मध्यपहाडी (पुष्पलाल) लोकमार्ग यस गाउँपालिकाको पूर्वीभागबाट पालिकाको केन्द्र बेस्तडा वजार हुँदै जिल्ला सदरमुकाम दैलेख बजारसंग जोडिनु, व्यावसायिक कृषि तथा पशुपालनको लागि उपयुक्त हावापानी र जमिन उपलब्ध, जल, जंगल र जमिन तथा स्लेट खानीको पर्याप्त उपलब्ध रहेको, आन्तरिक पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्न सकिने जस्ता अवसरहरु रहेका छन् ।

२४. गाउँपालिका तथा वडा कार्यालयहरुको आफ्नै कार्यालय भवनहरु नहुन, नागरिकको असीमिति आवश्यकता र आकांक्षा पुरा गर्न सीमित स्रोत साधन हुनु, योजना तथा कार्यक्रममा प्रभावकारी जनसहभागिता जुटाउन नसकिनु, आन्तरिक आय न्यून हुँदा प्रदेश तथा संघीय सरकारको अनुदानमा भरपर्नुपर्ने, गाउँपालिकाको

एकीकृत विकास योजना र गुरुयोजनाहरु नहुनु, सम्पत्ति कर प्रणाली कार्यान्वयनमा आइनसक्नु जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

**सभाध्यक्ष महोदय**

२५. अब म आर्थिक वर्ष २०७७/०७८ को बजेटका उदेश्यहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

(क) कोभिड–१९ को महामारीबाट आम नागरिकको जीवनरक्षा गरी रोग र भोकबाट बचाई जनजीवनलाई सुरक्षित र सहज बनाउने,

(ख) यस गाउँपालिकाभित्र रहेका प्राकृतिक स्रोत साधन, पुँजी तथा जनशक्तिको उपयोग गरी आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारको दिगो विकास गर्ने,

(ग) कृषि क्षेत्रको व्यावसायीकरण, विविधिकरण तथा आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिसँगै कृषि उपजमा आत्मनिर्भर बनाई रोजगारीको सिर्जना गर्ने,

(घ)सेवा प्रवाहलाई जनमुखी, पारदर्शी र मितव्ययी बनाई सुशासन कायम गर्ने ।

**सभाध्यक्ष महोदय,**

२६. उपरोक्त उदेश्यहरु पुरा गर्न आर्थिक वर्ष २०७७/७८ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गर्दछु ।

(क) कोरोना भाइरस लगायत सबै प्रकारका स्वास्थ्य जोखिम र विपद्बाट नागरिकहरुलाई सुरक्षित राख्न गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाको पहुँच, राहत र पुर्नस्थापना कार्यक्रम,

(ख) कोभिड–१९ को रोकथाम तथा नियन्त्रणका लागि चालिएका कदमबाट प्रभाव परेको कृषि क्षेत्रको उत्पादन र आपूर्ति श्रृङ्खलालाई पुनर्स्थापना गर्दै कृषि, उद्योग, पर्यटन, निर्माण लगायत प्रभावित व्यवसायको पुनरुत्थान,

(ग) कोभिड–१९ को कारण स्वदेश तथा विदेशमा रहेका व्यक्तिहरु घर फर्किएको यस विषम परिस्थितिमा आर्थिक, सामाजिक, पूर्वाधार लगायतका सम्पूर्ण क्षेत्रहरुमा रोजगारीमूलक क्रियाकलापहरु संचालन गरी बेरोजगारीको न्यूनीकरण

(ङ) गाउँपालिकाको कार्यालय भवन निर्माण, वडा कार्यालय भवन निर्माण, स्वास्थ्य चौकी भवन निर्माण, विद्यालय भवनहरु लगायतऊर्जा, सडक, खानेपानी, सिंचाई, सूचना संचार तथा प्रविधि जस्ता पूर्वाधारहरुको विकास

(च) शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, सामाजिक न्याय र समावेशीकरण ।

(च) सेवाप्रवाह, सुशासन र सुरक्षा,

**सभाध्यक्ष महोदय,**

**आ.व.२०७७।०७८ को बार्षिक बजेट तथा कार्यक्रममा अवलम्बन गरिएका प्रमुख नीतिहरु :**

**२७.समग्र नीतिहरुः**

- कोभिड –१९ को महामारी विरुद्ध लड्दै स्वास्थ्य सेवाको सवलीकरण, कृषि क्षेत्रको व्यावसायिकरण, विविधिकरण, उत्पादन र उत्पादकत्व वृद्धि गर्न वेरोजगार युवाहरुलाई कृषि पेशमा आकर्षित गरिने छ ।
- श्रम रोजगारमूलक योजना तथा कार्यक्रम कार्यान्वयन गरी गाउँपालिकामा नै रोजगारीको अवसर सिर्जना गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुको व्यवस्थापन, जनशक्ति र स्रोत साधनको व्यवस्थापन गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाई सुशासनको प्रत्याभूति गराईनेछ ।
- स्थानीय तहको अधिकार क्षेत्रभित्र गाउँपालिकाले लगाउन र उठाउन पाइने कर, गैरकर तथा राजश्वका स्रोतको पहिचान, संकलन, उपलब्ध स्रोतहरुको अधिकतम प्रयोग गरी करको दर घटाई करको दायरामा वृद्धि गरिनेछ । यसको लागि राजस्व सुधार कार्ययोजना तयार भइसकेको छ ।
- वातावरणमैत्री, बालमैत्री स्थानीय शासन पद्धती कार्यान्वयनमा ल्याइनेछ ।
- ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र संवर्द्धनमा जोड दिइनेछ ।
- यस गाउँपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासको लागि आवधिक योजना, क्षेत्रगत गुरुयोजना (Sectrol Master Plan)निर्माण गरि योजनाबद्ध विकास अभियानहरु कार्यान्वयन गर्न विभिन्न सरकारी, गैरसरकारी तथा दातृ निकायहरुसंग समन्वय र सहकार्य गरिने छ ।

**सभाध्यक्ष महोदय,**
अब म विषय क्षेत्रगत नीति प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**२८. क्षेत्रगत नीतिहरु :**
**१.आर्थिक विकास**
**क. कृषि :**

- कृषि क्षेत्रको उत्पादन एवं उत्पादकत्व बढाउँदै गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रको योगदान वृद्धि गरिनेछ । गाउँपालिकालाई खाद्यान्न, तरकारी, फलफूल र मासुमा आत्मनिर्भर बनाउन स्थानीय रैथाने बालीको प्रवर्द्धन, नगदेबाली, तरकारी र फलफूल खेतीमा व्यावसायीकरण तथा बाख्रापालन, स्थानीय कुखुरापालन, मौरीपालन र मत्स्यपालनलाई प्रोत्साहित गरिनेछ ।
- व्यावसायिक रुपमा कृषि पेशमा संलग्न कृषक, कृषक समूह, कृषि सहकारी र कृषि फर्महरुको तथ्यांक संलकन तथा दर्ता गरी अभिलेख प्रणाली चुस्तदुरुस्त बनाई व्यवस्थित गरिनेछ । साथै कृषि तथा पशुपंक्षी सम्वन्धी अन्य तथ्यांक अध्यावधिक गर्ने कार्यक्रमलाई अझ व्यवस्थित बनाईनेछ ।
- प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा वडा नं. १ मा सुरु गरिएको बाख्रा स्रोतकेन्द्र आगामी आ.व.मा पनि निरन्तरता दिईनेछ भने अन्य वडाहरुमा बाख्रापालनको साना व्यवसायिक कृषि उत्पादन पकेटहरुको पहिचान गरी विकास गरिनेछ । भैंसी प्रवर्द्धन कार्यक्रम मार्फत भैसीपालन कृषकलाई प्रोत्साहित गरिनेछ ।
- संघीय सरकार र प्रदेश सरकारको **"एक स्थानीय तह एक उत्पादन पकेट क्षेत्र"**नीति बमोजिम यस गाउँपालिकालाई **बाख्रापालन** उत्पादन पकेट क्षेत्र स्थापना गर्न पहल गरिनेछ । साथै राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने वालीवस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- व्यावसायिक कृषकलाई आवश्यक पर्ने विरुवाका लागि नर्सरी स्थापना गरिनेछ । पशुचौपायहरुको नश्ल सुधारको लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

- अदुवा, वेसार, लसुन र टिमुर आदी मसलाबालीको व्यवसायिक उत्पादन, प्रोत्साहन र बजारीकरण गरिनेछ ।
- यस गाउँपालिकाभित्र फलफूलका भिन्नाभिन्नै पकेटक्षेत्र घोषणा गरी मागमा आधारित सुन्तला, कागती, जुनार, आँप, मेवा, केरा,लिची, एभोकाडो, नास्पाती, ओखर जस्ता फलफूलका बिरुवाहरु सहुलियत दरमा पकेट क्षेत्रका विभिन्न कृषक, किसान समूह, कृषि फर्म र सहकारीहरुलाई लगाउन प्रोत्साहित गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- खाद्य भण्डारण र आपूर्तिको लागि प्रदेश सरकारको **"एक स्थानीय तह एक अन्न भकारी कार्यक्रम"**नीति बमोजिम सहकार्य र साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।
- कृषि तथा पशुपालन गरिरहेका किसानहरुको कृषि उत्पादन एवं उपज माथि हुने क्षतिलाई मध्यनजर गरी सो व्यवसायलाई सहज ढंगले निरन्तरता दिनको लागि कृषि तथा पशु विमा कार्यक्रमलाई निरन्तरता दिनेछ ।
- कृषि तथा पशुपालन व्यावसायलाई प्रोत्साहन र मर्यादित बनाउनको लागि गाउँपालिका भित्रका उत्कृष्ट कृषकहरुलाई मुल्याङ्कनको आधारमा बार्षिक रुपमा पुरस्कृत गर्ने नीति लिइएको छ ।
- अगुवा कृषक तथा स्थानीय कृषि स्रोत व्यक्तिलाई कृषि ज्ञान, सीप र दक्षताको आधारमा परिचालन गरिनेछ । साथै कृषि प्राविधिक जनशक्ति व्यवस्थापन गरिनेछ ।
- कृषि सम्वन्धी कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि कृषि क्षेत्र विकास कार्यक्रम(ASDP) तथा अन्य संघसंस्थासँग सहकार्य, साझेदारीमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ ।
- समुदायको पोषण तथाजीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागिगाउँपालिकाभित्रका हरेक घरधुरीमा करेसाबारी स्थापनागर्दै सम्भाव्य क्षेत्रमाउत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूहमार्फत बार्षिक दुई लाख भन्दामाथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहनगर्ने नीतिलिइनेछ साथै गाउँपालिका स्तरमाआवश्यकबोट बिरुवा सहज रुपमाआपूर्ति गर्नका लागिउन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापनागर्ने कार्य आगामी बर्षबाट आरम्भ गरिनेछ ।

- स्थानीयउत्पादनबाट कृषकहरुलाई अधिकतमलाभहुने गरी जीविकोपार्जनमा सुधार ल्याउनउत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहजआपूर्तिको लागिआवश्यकताअनुसार संकलन केन्द्र, कोल्ड स्टोर,एग्रोभेट स्थापनागर्ने कार्य आगामी बर्षबाट शुरुवातगरिनेछ । सो प्रयोजनको लागिनीजि क्षेत्रतथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालनगर्ने नीतिलिइनेछ ।

- खानेपानी सरसफाइ स्वच्छता, मर्यादितमहिनावारी व्यवस्थापन, करेसाबारी व्यवस्थापनतथाव्यवसायिकजिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमाप्राविधिक स्रोत व्यक्तिउत्पादनतथा परिचालनगर्ने कार्यलाई निरन्तरतादिइनेछ ।

**ख. उद्योग तथा बाणिज्यः**

- यस गाउँपालिकामा रहेका उद्यमी तथा व्यवसायीहरुको पहिचान गरी आवश्कताका आधारमा पुनर्ताजगी र व्यवसायिक सीप विकास तालिम कार्यक्रम संचालन गरिनेछ । साथै लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमीहरुको सिर्जना गरिनेछ ।
- स्लेट तथा काईनाईट खानीको उत्खनन र निर्यात गर्ने कार्यलाई नियमित तथा व्यवस्थीत गरिनेछ । स्थानीय विभिन्न कच्चा पदार्थहरुको खानीहरुको खोजी तथा सम्भाव्यता अध्ययन गरी कच्चा पदार्थ उत्खनन कार्यको लागि प्रदेश तथा संघीय सरकारसँग पहल गरिनेछ ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्न कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गरिनेछ ।
- सम्भाव्य उद्यमीहरुको पंहिचान गरी औद्योगिक ग्रामको स्थापना गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।
- लघुउद्यम तथा सीप विकास तालिमको माध्यमबाट स्वरोजगारीको श्रृजना गरी युवाहरुलाई आत्मनिर्भर बनाउने नीति लिईनेछ ।
- व्यापार व्यवसाय गर्ने व्यक्तिलाई पसल दर्ता गर्न लगाई करको दायरा फराकिलो बनाउदै करको दायरा भित्र ल्याउने नीति लिईएकोछ ।अवैध मदिरा

निषेध र बैध मदिरालाई “मदिरा नियन्त्रण कार्यविधि”बमोजिम नियमन गरिनेछ ।

- उपभोग्य वस्तुको गुणस्तरीयता तथा उपभोक्ताको हकहितलाई ध्यानमा राखि स्थानीय उद्योग वाणिज्य संघसँग समन्वय गरी नियमित बजार अनुगमन तथा नियमन गरिनेछ ।

**ग. पर्यटन :**

- एकतन्त्रीय पंञ्चायती व्यवस्थाको विरुद्ध भएको आन्दोलनमा प्राण आहुती गर्ने यस क्षेत्रकै प्रथम शहिद (भगवतीमाई ३, मेहेलतोली निवासी) मयाराम रेग्मीको सम्झनामा “***शहिद मयाराम स्मृति पार्क***” निर्माणको लागी आ.व.२०७५।०७६ बाट कार्य प्रारम्भ भएको र विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) समेत तयार भईसकेको हुँदा स्मृति पार्क पुर्वाधारका निर्माण कार्यलाई निरन्तरता दिन केही बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु । साथै संघीय सरकार तथा प्रदेश सरकारसँग थप पूर्वाधार निर्माणको लागि पहल गरिनेछ ।
- संघीय सरकारसँगको सहकार्यमा यस गाउँपालिकाको वडा नं. ७ मा रहेको शिखरद्धारी मन्दिरको पूर्वाधार निर्माण कार्यलाई अगाडी बढाइनेछ ।
- वडा नं. ५ र ६ मा रहेको जनजाती वस्तीमा निर्माण गरिएको होमस्टे संचालन गर्नका लागि पहल गरिनेछ साथै यस गाउँपालिकाको वेस्तडा, शिवपुरीडाँडामा रहेको शिव मन्दिरमा आवश्यक पुर्वाधार निर्माणकोलागि रकम विनियोजन गरिएको छ ।

**घ. सहकारी तथा वित्तीय :**

- यस गाउँपालिकाभित्र कार्यक्षेत्र रहेका सहकारी मध्ये निष्क्रिय अवस्थामा रहेका सहकारीहरुलाई सक्रिय तुल्याउन तथा सक्रिय सहकारीहरुलाई अझ प्रभावकारी रुपमा संचालन गर्नको लागि सहकारी संस्थाहरुको अनुगमन, नियमन तथा व्यवस्थापनलाई प्रभावकारी बनाई उत्पादन र आयआर्जनमा सहकारीको सहभागितालाई सुनिश्चित गरी आर्थिक विकासको महत्वपुर्ण हिस्साको रुपमा स्थापित गरिनेछ ।
- एउटै वडामा कार्यक्षेत्र रहेका र एउटै प्रकृतिका सहकारीहरुको समायोजन गरिनेछ ।

- सहकारीताको विकास तथा प्रवर्द्धन गरी जनताको आयआर्जन वृद्धि गरिनेछ । जसका लागि सहकारी शिक्षा सम्वन्धी तालिम तथा गोष्ठीको आयोजना गरी सहकारीको क्षमता अभिवृद्धि गरिनेछ ।
- यस गाँउपालिकाको क्षेत्रभित्र गरिबी निवारण कोषद्धारा प्रर्वद्धित सामुदायिक संस्थाले परिचालन गरेको घुम्तीकोषलाई बीउ पुँजीको रुपमा प्रयोग गरी आर्थिक गतिविधी संचालन गर्न यी संस्थाहरुलाई सहकारी प्रणालीमा रुपान्तरित गरी कृषि, लघु तथा साना उद्योग क्षेत्रमा रोजगारी श्रृजना गरिनेछ ।

**ङ. रोजगारी :**

- कोभिड-१९ को महामारीबाट स्वदेश तथा विदेशमा रोजगारी गुमाएका तथा बेरोजगार व्यक्तिहरुको लागी मर्यादित काम, सामाजिक सुरक्षा र आदर्श श्रममूलक रोजगारीको माध्यमबाट विकास निर्माण तथा अन्य आर्थिक क्रियाकलाहरु संचालन गरिनेछ ।
- गाउँपालिकाबाट संचालित श्रम रोजगार बैंकलाई व्यवस्थीत गरी अझ प्रभावकारी र रोजागरमूलक बनाईनेछ । साथै प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमलाई श्रममूलक कार्यको अतिरिक्त उत्पादनमूलक क्षेत्रमा समेत परिचालन गरी थप रोजगारीका अवसर सिर्जना गरिनेछ ।
- विभिन्न व्यावसायिक तालिम तथा सीप विकासको माध्यमबाट बेरोजगार युवायुवतीलाई स्वरोजगार बनाउने नीति लिइएकोछ ।
- विदेशबाट फर्किएका युवाहरुको सीप, क्षमता तथा अनुभवलाई अधिकतम उपयोग गरी उनीहरुलाई व्यवसायिक रुपमा आत्मनिर्भर बनाउने नीति लिईनेछ ।

## २. सामाजिक विकास

### क. शिक्षा

- मानव जीवनको सर्वाङ्गीण विकासको मेरुदण्डको रुपमा रहेको शिक्षा क्षेत्रको विकास गर्न गुणस्तरीय शैक्षिक पूर्वाधारको विकास, दक्ष जनशक्ति एवम् शिक्षण सामग्रीको व्यवस्था र नविनतम प्रविधिको प्रयोग गरी गुणस्तरीय र जीवन उपयोगी शिक्षाको सुनिश्चितता गरिनेछ ।

- कोभिड-१९ महामारीको कारण विद्यार्थीमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न र महामारीको बेलामा बालबालिकाको शिक्षामा निरन्तरता दिन संघीय सरकार र प्रदेश सरकारको समन्वयमा शिक्षा, पूर्व तयारी र प्रतिकार्य योजना तयारी गरी वैकल्पिक विधिको माध्यमबाट शिक्षण क्रियालकलापलाई अघि बढाइनेछ । संक्रमण जोखिमको कारण विद्यार्थीमा परेको मनोसामाजिक असर निवारण गर्न सकारात्मक सोच सहित सिर्जनशिलता विकासका क्रियाकलाप सञ्चालन गरिनेछ ।
- विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गरी आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नुको साथै माध्यामिक शिक्षालाई निःशुल्क प्रदान गरिनेछ ।
- विद्यालय भवन नभएका तथा भवनको अवस्था जीर्ण  भएका विद्यालयहरुको भवन निर्माण कार्य निरन्तर चलिरहेको हुँदा आगामी आ.व. मा ४ वटा थप विद्यालयहरुको भवन निर्माण कार्य सुरु गरिने छ भने थप ५ वटा विद्यालयहरुमा शौचालय निर्माण गरिनेछ ।
- महिनावारी स्वच्छतालाई व्यवस्थापन गर्नको लागि सामुदायिक विद्यालयका छात्राहरुलाई नेपाल सरकारद्धारा लागु गरिएको निशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई व्यवस्थीत रुपमा कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न गरिनेछ ।
- विज्ञान प्रयोगशाला नभएका सबै विद्यालयहरुमा आगामी आर्थिक वर्षमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने नीति लिईएको छ र केही विद्यालयलाई सूचना प्रविधिमैत्री बनाईने छ ।
- यस गाउँपालिका भित्रका उत्कृष्ट सिकाई उपलब्धी भएका विद्यालयहरुलाई सिकाई सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादन तथा उपलब्धीमा आधारित अनुदानको व्यवस्था गरी शैक्षिक गुणस्तर सुधार गर्न प्रोत्साहन गरिनेछ ।

***ख. स्वास्थ्य :***

- कोरोना महामारी लगायत संक्रामक तथा अन्य रोगबाट सिर्जना हुने स्वास्थ्य जोखिमको न्युनीकरण गर्न रोगको रोकथाम, नियन्त्रण र उपचार तथा गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार विकास, औषधी एवम् उपकरण, स्वास्थ्यकर्मीको दक्षता अभिवृद्धि र सेवा विस्तार, कोरोना परीक्षणको दायरा

बढाउन, व्यवस्थित क्वारेन्टाइन केन्द्रहरुको स्थापना गर्न र नागरिकमा सिर्जना भएको त्रासलाई सम्बोधन गर्न आवश्यक स्रोतको व्यवस्था मिलाएईएको छ ।

- कर्णाली प्रदेश सरकारको हरेक स्थानीय तहमा १५ शैयाको अस्पताल बनाउने नीति अनुरुप यस भगवतीमाई गाउँपालिकामा १५ शैयाको अस्पतालभवन निर्माण कार्य सम्पन्न भैसकेकोमा थप पुर्वाधार सहित तत्काल अस्पताल संञ्चालन गरिने छ ।
- स्वास्थ्य सेवालाई सर्वसुलभ र नागरिकको निशुल्क स्वास्थ्य उपचार हकलाई सुनिश्चित गर्न पर्याप्त औषधीको व्यवस्था गरिनेछ । साथै स्वास्थ्य संस्थालाई सृदृढ र सक्षम तुल्याइनेछ ।
- सुरक्षित वर्थिङ्ग सेन्टर र खोप केन्द्रमा फर्निचर व्यवस्थागरिनेछ ।
- महिला स्वास्थ्य स्वयमसेविकाको योगदानको कदर गर्दै प्रोत्साहन गरिनेछ ।
- सुनौला हजार दिनका आमा शिशु तथा किशोरीहरुको उचित संरक्षण र विकासको लागि बहुक्षेत्रिय पोषण योजना (MSNP) को प्रभावकारी कार्यान्वयन गरिने छ ।

## ग. खानेपानी तथा सरसफाई :

- **"स्वच्छ खानेपानी, स्वस्थ आनीवानी"**भन्ने नारालाई सार्थकता दिन यस गाउँपालिकाका सम्पूर्ण जनताहरुको स्वच्छ खानेपानी र सरसफाईको सहज पहुँचको लागि नेपाल सरकारको विशेष अनुदान र ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMP)लगायत अन्य विकास साभ्केदारहरुसँगको समन्वय एवं साभ्केदारीमा **"एक घर, एक धारा"**नीति लागु भएको हुँदा आगामी २ वर्षमा प्रत्येक घरमा धारा निर्माण गरिनेछ । साथै आयोजनाको दिगोपनाको लागि सम्वन्धित उपभोक्ताहरुलाई नै क्रियाशिल बनाई मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ ।
- नेपाल सरकारको आगामीतीनवर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधाउपलव्ध गराउने तथादिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्रकुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाइतथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, विद्यमानखानेपानी योजनाहरुको सञ्चालनतथामर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधापुग्ननसकेको क्षेत्रको पहिचान गरी

समतामूलकतथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मकएवम् पारदर्शी पद्धति अपनाई सेवाप्रदानगर्न गाउँपालिका स्तरमाखानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापनबोर्ड स्थापना गरी सो मातहतवास युनिट मार्फत नयाँ योजनानिर्माण तथाविद्यमान योजनाहरुको मर्मत सम्भारको व्यवस्थामिलाइनेछ ।

- गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनाको समीक्षागर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतकाजलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालनतथाव्यवस्थापनको अभिलेख अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावलीबमोजिमदर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्थामिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचनाव्यवस्थापन प्रणाली स्थापनागरिनेछ ।

- महिलातथाकिशोरीहरुको आत्मसम्मानको रक्षागर्दै सुरक्षित र स्वच्छ रुपमा बाँच्नपाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमाअपनाइने विभिन्नहानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षागर्न गाउँपालिकाका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित**महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र**कार्यान्वयनको लागिआवश्यकव्यवस्थामिलाइनेछ ।

- नेपाल सरकारको पूर्ण सरसफाइनिर्देशिका २०७५ एवम् गाउँपालिकालाई पूर्ण सरसफाइयुक्तएवम् छाउगोठ मुक्तगाउँपालिका घोषणा गर्ने लक्ष्य बमोजिमगाउँपालिकाभित्रका समुदायलाई पूर्ण सरसफाइउन्मुखतथाविद्यालयहरुलाई तीनतारा पद्धतिमा विकास गर्न एवम् कोभिड-१९ जस्ता महामारी र पानीजन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइअभियान सञ्चालनगरिनेछ ।विभिन्नपानीजन्य रोगहरुबाट उत्पन्नहुन सक्ने महामारीबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमापानीको गुणस्तर परीक्षणको व्यवस्थामिलाइनेछ ।

  - एकीकृत विकास समाज नेपालको सहयोगमा विद्यालय सरसफाई कार्यक्रम संचालन गरिनेछ ।

**घ. संस्कृति प्रवर्द्धन :**

- परम्परागत कला संस्कृति, जात्रा, मेलाको संरक्षण, संवर्द्धन र विकास गर्नका लागि आवश्यक पहल गरिनेछ ।
- लहरे पैचरी, देउडा, मयुर नाच, मारुनी नाच, रत्यौली, पञ्चेबाजा जस्ता परम्परागत संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ ।

**ङ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण :**

- सामाजिक, आर्थिक, सांस्कृतिक रुपमा पछाडी परेका, अवसर, पहुँच र स्रोत साधनबाट बञ्चितीकरणमा परेका लिङ्ग, जाती, समुदाय, वर्गको उत्थान, संरक्षण, सुरक्षा र सशक्तिकरणको माध्यमबाट आय आर्जन वृद्धि गर्नका लागि जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ ।महिला वर्गको सशक्तकरण र विकासमा विशेष जोड दिईनेछ । प्रदेश सरकारसँगको सहकार्यमा दलित महिला आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ भने सामाजिक कुरीतिको रुपमा रहेको जातीय विभेद अन्त्य र बालविवाहको न्यूनीकरण गरिनेछ ।
- यस गाउँपालिकामा रहेका दलित, जनजाति, महिला, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गको सामाजिक, भौतिक र आर्थिक उन्नतीको लागि विभिन्न सरकारी र गैर सरकारी क्षेत्रसंग समन्वय र सहकार्य गरि मानवीय विकासको मुलधारमा समाहित गर्नको लागि विभिन्न सशक्तिकरणका कार्यक्रमहरु संञ्चालन गरिनेछ । साथै गरिब, विपन्न तथा दलित समुदाय र लोपोन्मुख अवस्थामा रहेका राउटे, वादी, गन्धर्व जातीमा कमजोर सामाजिक तथा आर्थिक स्थिति भएका परिवारहरुको आवासको लागि जनता आवास कार्यक्रमसंग समन्वय गरी आवास निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- शहिद परिवार, द्वन्द्वपिडित, वेपत्ता परिवारको उचित सम्मान गरिनुको साथै गाउँपालिकाबाट प्रवाह गरिने सेवा, सुविधा र रोजगारीको अवसरमा उच्च प्राथमिकता दिईनेछ ।
- देशको भावी खम्बाको रुपमा रहेका बालबालिकाको शारिरीक, मानसिक, शैक्षिक विकासको लागि क्षमता वृद्धिका कार्यक्रम संचालन गर्नुको साथै अभिभावक विहिन बालबालिकाको सुरक्षा र विकासका लागि उपयुक्त कार्यक्रम संचालन गरिनेछ ।

- जेष्ठ नागरिक दिर्घ सेवा सम्मान र सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता (पंञ्जीकरण) कार्यलाई प्रभावकारी वनाउनको लागि नेपाल सरकार केन्द्रिय पञ्जिरकण विभागबाट संञ्चालन भएको MIS Systemबाट विवरणहरु अध्यावधिक गरिनुको साथै आगामी आर्थिक वर्षदेखी लाभग्राहीहरुलाई बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ ।
- जेष्ठ नागरिकको जीवन सम्मान, सुरक्षित र संरक्षण गरी उनीहरुको ज्ञान, सीप र अनुभवलाई समृद्धिका लागि उपयोग गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुको जीवन मर्यादित र निर्भर बनाईनेछ ।
- महिला, दलित, जनजाती तथा अल्पसंख्यक समुदायहरुलाई आय आर्जन तथा सीपमूलक कार्यक्रम संचालन गरी आर्थिक रुपमा आत्मनिर्भर बनाईने छ ।
- टोल विकास संस्था गठन गरी सामाजिक तथा विकास निर्माणका कार्यक्रममा परिचालन गरिनेछ ।

**च. जनसंख्या व्यवस्थापन :**

- जनसंख्या बृद्धिलाई कम गर्नको लागि परिवार नियोजन सेवालाई प्रभावकारी बनाउनुको साथै जनचेतनामूलक कार्यक्रमहरुको संचालन गरी सूचकमा आधारित आर्दश परिवार छनौट गरि पुरस्कृत र सम्मान गरिने छ ।

**छ. युवा तथा खेलकुद :**

- कोभिड-१९ को कारण स्वदेश तथा विदेशमा रोजगागरीको अवसर गुमाएका युवाहरुको रोजगारीको पुर्नस्थापना गर्न आर्थिक क्रियाकलाप, भौतिक पूर्वाधार लगायत सामाजिक गतिविधिहरुमा युवाहरुको संलग्नता बढाइनेछ । युवाहरुलाई श्रममूलक काम र आय आर्जनमूलक कार्यक्रममा लगाई रोजगारी अवसर सिर्जना गरिनेछ । कोभिड १९ लगायत सबै विपद् व्यवस्थापनको लागि विभिन्न क्लव, संघसंस्था मार्फत युवाहरु परिचालन गरी स्वयमसेवी संस्कृतिकोविकास गरिनेछ ।
- श्रृजनात्मक कार्यमा उत्प्रेरित गर्न तथा खेलकुद गतिविधिलाई प्रवर्द्धन गर्ने खालका युवालक्षित कार्यक्रमहरु संचालन गरिनेछ । संघीय तथा प्रदेश सरकारको सहयोगमा गाउँपालिका स्तरीय खेलकूद मैदान निर्माणाधीन अवस्थामा रहेको हुँदा खेलकूद मैदानको निर्माण कार्यलाई पुर्णता दिइनेछ ।

साथै वडा स्तरीय खेलकुद मैदान निर्माण लागिको प्रदेश तथा संघ सरकारसँग पहल गरिनेछ ।

- गाउँपालिकाभित्र रहेका विद्यालयहरु बीच अन्तर माध्यामिक विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड आयोजना गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

## ३. पूर्वाधार विकास

### क. सडक तथा अन्य पूर्वाधार :

- गाउँपालिकाका केहि वडा जोड्ने सडक संजालमा १२ महिना यातायात सुचारु भएको र अधिकांश सडकहरु १० महिना यातायात संचालन हुने अवस्था छ । गाउँपालिका केन्द्र देखी वडा कार्यालय जोड्ने सडकहरुलाई १२ महिना यातायता संचालन हुने गरी स्तरोन्नती गरिनेछ र कृषि उत्पादन सम्भावना बढीभएका, आर्थिक, औधोगिक र पर्यटकीय महत्वको हिसाबले महत्वपुर्ण मानिएका ठाउँहरुमा सडक संजालको विस्तार कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- प्रदेश सरकारको समपुरक अनुदानमा वावितडा -हे.पो. -वडा कार्यालय सडक (वडा नं. १) र वासुधारा चिपिन सडक (वडा नं. ६) स्तरोन्नती गर्ने कार्य भईरहेको र आगामी आ.व.मा प्रदेश सरकारको समपुरक अनुदानमा थप सडकहरु स्तरोन्नती गर्ने कार्यलाई तिव्रता दिइनेछ ।
- गाउँपालिकाको श्रम रोजगार बैंक, प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रम र नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत साना सडक, गोरेटोबाटोको निर्माण तथा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाको वडा १ देखी ७ वडा जोड्ने चक्रपथ निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन तयार भईसकेको हुँदा चक्रपथ निर्माणको लागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिने छ ।

- यस गाउँपालिकासँग जोडिएका नगरपालिका र गाउँपालिकासँग अन्तरपालिका सडक संजाल जोड्नको लागि प्रदेश तथा संघ सरकारसँग पहल गरिने छ ।
- यस गाउँपालिका क्षेत्रभित्र पर्ने विभिन्न स्थानमा झोलुङ्गे पुल निर्माण गरिने छ र पक्की पुल निर्माणको लागि प्रदेश तथा संघ सरकारसँग माग गरिनेछ ।

## ख. विद्युत :

- यस गाउँपालिका र ग्रामिण सामुदायिक विद्युतिकरण विभागको साझेदारीमा विद्युतको राष्ट्रिय प्रसारण लाईन जडानको लागि सम्झौता भई ठेक्का प्रक्रिया अगाडी बढेको हुँदा प्रत्येक वडाको वस्ती सम्म आगामी २ वर्षभित्र राष्ट्रिय प्रसारण लाईन जडान गरी **"उज्यालो भगवतीमाई"** अभियानलाई सार्थक बनाईने छ ।

## ग. भवन तथा सहरी विकास :

- गाउँपालिकाको कार्यालय भवन, ४ र ५ नं. वडा कार्यालयको कार्यालय भवन निर्माण, रुम स्वास्थ्य चौकी र वडाभैरव स्वास्थ्य चौकी भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ । सामुदायिक स्वास्थ्य इकाइ चिपिनको भवन निर्माण कार्य सुरुवात गरिनेछ ।
- सुरक्षित, व्यवस्थित, भूकम्प प्रतिरोधी र वातावरणमैत्री भवन तथा आवास निर्माण गर्नका लागि भवन निर्माण मापदण्ड, भवनसंहिता, र निर्देशिकाहरु तयार गरी कार्यान्वयनमा ल्याईनेछ । पुराना भवनहरुको अभिलेखीकरण तथा नयाँ भवनहरुको नक्सापास अनिवार्य गर्नुपर्ने व्यवस्था लागु गरी कार्यान्वयन गरिनेछ ।
- भूकम्प प्रतिरोधी भवनहरु निर्माणको लागि डकर्मीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

## घ. सिंचाई :

- साना सिंचाई योजना तथा पोखरी निर्माण गाउँपालिका मार्फत संचालन गरिनेछ भने ठूला सिंचाई कुलो र सिंचाइ पोखरीनिर्माण प्रदेश सरकार, ग्रामीण जलस्रोत परियोजनासँग समन्वय तथा साझेदारीमा पानीको स्रोतहरुलाई पहिचान गरी सिंचाई कुलो, सिंचाई पोखरी निर्माण गर्नुको साथै पानीको स्रोत नभएको स्थानमा

बर्षाको पानी संकलन गर्न संरक्षण पोखरीहरु बनाउन सहयोग तथा प्रोत्साहन गरिने छ ।

**ङ. संचार तथा प्रविधि :**

- सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा ईन्टरनेट सेवा सुचारु गरी सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाईनेछ ।

## ४ वातावरण तथा विपद व्यवस्थापन

### क. वन, भू संरक्षण र जलाधार संरक्षण

- जीवनपद्धतीर समृद्धिको आधारको रुपमा रहेको वन क्षेत्रको सम्वर्द्धन मार्फत वातावरणीय सन्तुलन कायम गर्दै वन सम्पदाको बहुउपयोग गरी आय, रोजगारी एमव् व्यवसाय प्रवर्द्धन गरिनेछ ।यस भगवतीमाई गाउँपालिकामा अधिकांश भू भाग वनक्षेत्रले ढाकेको र सो वनको संरक्षण गर्नु हाम्रो कर्तव्य भएको हुँदा संघीय सरकार, प्रदेश सरकार, वन उपभोक्ता समिति र सम्वन्धित अन्य नियकाहरुसँग समन्वय गरी वनको सुरक्षा, वृक्षारोपण र विविधिकरण गर्दैमहत्वपूर्ण जैविक विविधताहरुबाट उत्पादित वस्तुहरुको प्रशोधन तथा बजारीकरणको उचित व्यवस्था गरिनेछ ।
- जलवायु परिवर्तनका कारणहरुले विश्वलाई नै चुनौती दिईरहेको वर्तमान अवस्थामा जलवायू परिवर्तनको असर र प्रभावलाई न्यूनीकरण गर्न जलवायु अनुकुलित विकास कार्यक्रमहरु संचालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्नका लागि विभिन्न साझेदार निकायहरुसंग सहकार्य गरिनेछ ।
- सामुदायिक वनको व्यवस्थापन, संचालन र वन पैदावरको सदुपयोगको लागि सामुदायिक वन समितिले बनाउने वन कार्ययोजना गाउँ कार्यपालिकाबाट अनुमोदन गराई लागु गर्ने व्यवस्था गरिनेछ ।
- वन क्षेत्रभित्र हुने अतिक्रमणलाई सम्वन्धित निकायसँग समन्वय गरी अतिक्रमण कार्यलाई नियन्त्रण गरी सबै किसिमका वनहरु संरक्षण गर्ने नीति लिईएको छ ।
- भुक्षय तथा बाढी पहिरो नियन्त्रणको लागि प्रदेश सरकारसँगको सहयोग र समन्वयमा तटवन्ध निर्माण र वृक्षारोपणको कार्यलाई प्रभावकारी बनाईनेछ ।

- वनजङ्गल, वन्यजन्तु, चराचुरङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन, अनुगमन र नियमन गर्ने नीति लिईएकोछ ।

## ख. जलवायु परिवर्तन र वातावरण संरक्षण

- वातावरण संरक्षणसँग सम्वन्धी नेपाल सरकारले जनाएका अन्तराष्ट्रिय र राष्ट्रिय प्रतिवद्धता र उत्तरदायित्व पुरा गर्नु हाम्रो पनि दायित्व भएको हुँदा संघीय सरकार, प्रदेश सरकार र आशा परियोजनासँग समन्वय गरी जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ । भरण पोखरी निर्माण, नर्सरी स्थापना, वृक्षारोपण कार्य गर्नुको साथै जलवायु परिवर्तन र वातावरण संरक्षण सम्वन्धी सचेतनामुलक कार्यक्रम संचालन गरी पर्यावरण सन्तुलनको लागि आवश्यक पहल गरिनेछ ।
- वनजंगल विनाशको कारण भईरहेको जलवायु परिवर्तनलाई न्यूनीकरण गर्नको लागि सामुदायिक वन क्षेत्रभित्र खुल्ला चरिचरनलाई रोक लगाउने र वन संरक्षणको साथै उत्पादनमूलक विरुवाहरु रोप्ने सामुदायिक वनहरुलाई प्रोत्साहन र पुरुस्कृत गर्ने नीति अवलम्वन गरिएको छ ।

## ग. फोहोरमैला व्यवस्थापन

- गाउँपालिका केन्द्र वेस्तडावजार, सार्वजनिक स्थल, सरकारी तथा सार्वजनिक कार्यालयहरु स्वच्छ र सफा राख्न आवश्यक कार्यक्रमहरु ल्याइनेछ । स्वच्छ र सफा र सभ्य गाउँपालिका निर्माणमा सबै सहयोगी संघसंस्था र निकायहरुसँग समन्वय गरिनेछ ।

## घ. विपद व्यवस्थापन

- नोवेल कोरोना भाइरस (कोभिड १९) बाट विश्व नै आक्रान्त भएको परिवेशमा यस गाउँपालिकाका नागरिकको जीवनरक्षा र सुरक्षाको मुख्य दायित्व गाउँपालिकाको नै भएको हुँदा सीमित स्रोत साधन, जनशक्तिका बीच पनि गाउँपालिकाले उल्लेखनीय सफलता हासिल गरेको छ । कोभिड १९ लगायत महामारी जन्य रोग र दैवी तथा प्राकृतिक प्रकोपहरुबाट हुने मानवीय क्षति न्युनिकरण गर्न, राहत तथा पुनस्थापना गर्नको लागि विपद् व्यवस्थापन

कोषलाई निरन्तरता दिइनेछ । नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी विपद् व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

- विपद्को समयमा खोज उद्धार तथा राहतको लागि आवश्यक सामग्रीको आपतकालिन भण्डार केन्द्र स्थापना गरिनेछ । विपद्लाई सहजतापूर्वक सामना गर्न गाउँपालिकाभित्र रहेका सार्वजनिक खुल्ला मैदान, सार्वजनिक भवनहरुको पहिचान गरी यसको पूर्व तयारी, प्रतिकार्य, राहत र पुनस्थापना कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- जोखिम न्युनिकरणका लागि संघ संस्थाहरुसँग समन्वय गरी वडा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, आम नागरिक तथा शिक्षक, विद्यार्थीलाई सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन :

### क. जनशक्ति, कार्यालय संगठन तथा व्यवस्थापन/संस्थागत विकास, सेवा प्रवाह र सुशासन :

- सार्वजनिक सेवा प्रवाहलाई अनुमानयोग्य, पारदर्शी र विश्वसनीय बनाई जनअपेक्षा सम्वोधन गर्न सक्षम, पारदर्शी, प्रविधिमैत्री र जनउत्तरदायी प्रशासनको विकास गरिनेछ ।कर्मचारीहरुलाई उच्च मनोवलका साथ काम गर्ने वातावरण बनाई कार्यसम्पादन मुल्याङ्कनको आधारमा उचित पुरस्कार र सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विकासका क्रियाकलापमा जनचाहना, जनहित, जनजागरुकता, जनसहभागिता र स्वामित्वलाई प्राथमिकता दिईनेछ । यस गाउँ कार्यपालिकाको कार्यालय र मातहतका सबै कार्यालयहरुबाट प्रवाह गरिने सेवा तथा जिम्मेवार समितिहरुबाट सञ्चालन गरिने विकासका क्रियाकलपाहरुमा प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सूचनाको हकको प्रत्याभुती, नियमितता, मितव्ययीतता, पारदर्शिता,

जवाफदेहिता जस्ता कार्यहरु मार्फत सुशासन अभिबृद्धि गर्दै यस गाउँपालिकालाई भ्रष्टाचार शुन्य गाउँपालिका बनाईनेछ ।

- संघ संस्थाहरुको समन्वय र सहकार्यमा विभिन्न क्षमता अभिवृद्धि तालिम र छलफल मार्फत जनप्रतिनिधिहरु, कर्मचारीहरु तथा आम नागरिकहरुलाई सक्षम र सवल बनाइनेछ ।
- न्यायिक समितिलाई सक्षम र प्रभावकारी बनाईने छ । न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गरिनेछ । न्यायिक सम्पादन कार्यलाई सहजीकरण र सरल बनाउन मेलमिलापकर्ताहरुलाई तालिम दिई परिचालन गरिनेछ ।
- स्थानीय तहलाई प्राप्त अधिकार र जिम्मेवारी अनुसार गाउँपालिकालाई आवश्यक पर्ने कानूनहरु तर्जुमा तथा स्वीकृत गरी लागु गरिनेछ ।
- गाउँपालिकाको लेखा प्रणाली चालु आ.व. देखी नै सूत्र प्रणालीमा आवद्ध भएको हुँदा सूत्र प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र संचालन हुने आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन सुपरीवेक्षणगरी योजनाहरुमा पारदर्शिता र गुणस्तरीयता कायम गरिने छ ।
- गाउँपालिका तथा वडा कार्यालयलाई सूचना तथा प्रविधिमैत्री बनाईने छ ।

**ख. सामाजिक/सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई :**

- गाउँपालिका तथा वडा कार्यालयबाबट प्रदान गरिने सेवा र सुविधाका बारेमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरी पारदर्शिता र वित्तीय सुशासन कायम गरिनेछ ।

**ग. राजश्व परिचालन :**

- राजश्व तथा गैरकर राजश्वका दरहरुलाई फराकिलो पार्दै सबै करदाताहरुलाई करको दायरामा ल्याई आन्तरिक आम्दानी बृद्धि गरी यस गाउँपालिकालाई स्वावलम्वन तर्फ उन्मुख गराईने छ । सम्पत्ती कर प्रणाली कार्यान्वयन गरिनेछ ।
- आन्तरिक आय वृद्धि हुने किसिमका क्रियाकलापहरुलाई प्राथमिकता दिईनेछ ।
- व्यावसाय कर, वहाल कर असुलीलाई प्रभावकारी बनाउन नीजिक्षेत्रसँग सहकार्य गरी उद्योगी, व्यापार, व्यावसायीहरुको लगत खडा गरी कर असुल गरिनेछ ।

➢ राजश्व अभिलेख प्रणालीलाई व्यवस्थित बनाईने छ ।

**२८. अनुमानित व्यय र स्रोत व्यवस्थापन :**
**सभाध्यक्ष महोदय,**
अब म माथि उल्लेखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि वडा समिति, विषयगत समिति हुँदै गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भगवतीमाई गाउँपालिकाको आ.व.२०७७०७८ को अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

सर्वप्रथम चालु आ.व. २०७६।०७७ जेष्ठ मसान्तसम्म आम्दानी र खर्चको विवरण पेश गर्दैछु ।

| क्र. सं. | विवरण | वार्षिक विनियोजन | आम्दानी | खर्च |
|---|---|---|---|---|
| १ | आन्तरिक आय | ४२६०६७०० | ३००४६००० | २६९९२९४८ |
| २ | राजस्व वाँडफाँड (नेपाल सरकार) | ७०१००००० | ४०२३४००० | ३८३०४१९९ |
| ३ | राजस्व बाँडफाँड (प्रदेश सरकार) | ७०१००० | ४४०४०२ | ० |
| ४ | वित्तीय समानीकरण (नेपाल सरकार) | ८०४००००० | ८०४००००० | ३४७५०५०० |
| ५ | वित्तीय समानीकरण(प्रदेश सरकार) | १००४९००० | १००४९००० | ३०११३१५ |
| ६ | सशर्त अनुदान (नेपाल सरकार) | १७९३७९००० | १७७८९८१३२ | १२३७९६२७७ |
| ७ | सशर्त अनुदान (प्रदेश सरकार) | ५०००००० | ५०००००० | ४१२०५८५ |
| ८ | विशेष अनुदान (नेपाल सरकार) | २७०००००० | ८१००००० | २८४९८४५ |
| ९ | विशेष अनुदान (प्रदेश सरकार) | ४०००००० | ४०००००० | ०.०० |
| १० | समपुरक अनुदान (नेपाल सरकार) | ७९००००० | ०.०० | ०.०० |
| ११ | समपुरक अनुदान(प्रदेश सरकार) | १३५००००० | १३५००००० | २७८५७८५ |
| १२ | पूर्वाधार विशेष कार्यक्रम | १६८७४००० | ६९१४८५४ | ६९१४८५४ |
| १३ | प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम | ३५०००० | २७९९३० | २७९९३० |
| १४ | वहुक्षेत्रीय पोषण कार्यक्रम | १३५६००० | ५१९००० | ५१९००० |
| १५ | राष्ट्रिय परिचयपत्र तथा | १८६२००० | ४५०२५० | ४५०२५० |

| | | | | |
|---|---|---|---|---|
| | पञ्जिकरण कार्यक्रम | | | |
| १६ | गरिवसँग विश्वेश्वर कार्यक्रम | ४९५००० | ० | ० |
| १८ | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ४६७३०००० | ४६६९५८०० | ४६६९५८०० |
| | | **५०८३०२७००** | **४२४५२७१७०** | **२९१४७१२८८** |

**सभाध्यक्ष महोदय,**

आगामी आ.व.२०७७०७८ को लागि आय र व्यय सम्वन्धी संक्षिप्त बजेट प्रस्तुत गरेको छु ।

## अनुमानित आय

| क.सं. | विवरण | अनुमानित आय |
|---|---|---|
| १ | आन्तरिक आय | ३६,००,००० |
| २ | नेपाल सरकारबाट प्राप्त राजश्व बाँडफाँड | ७,१९,०९,९३० |
| ३ | प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड | ६,२३,००० |
| ४ | अन्य आय(गत वर्षको जिम्मेवारी सहित) | २,९७,९५,००० |
| ५ | संघीय सरकार वित्तीय समानीकरण | ८,३१,००,००० |
| ६ | संघीय सरकार सशर्त अनुदान | २१,२२,००,००० |
| ७ | संघीय सरकार विशेष अनुदान | १,८४,००,००० |
| ८ | संघीय सरकार समपुरक अनुदान | ९८,००,००० |
| ९ | प्रदेश सरकार वित्तीय समानीकरण | ९९,७८,००० |
| १० | प्रदेश सरकार सशर्त अनुदान | ६०,००,००० |
| ११ | प्रदेश सरकार विशेष अनुदान | ४५,००,००० |
| १२ | प्रदेश सरकार समपुरक अनुदान | १,३५,००,००० |
| | **अन्य विषयगत निकाय** | |
| १३ | प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम | ३,५०,००० |
| १४ | गरिवसँग विश्वेश्वर कार्यक्रम | ४,९५,००० |

| | | |
|---|---|---|
| १५ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १३,५६,००० |
| १६ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संघीय सरकार) | ४०,००,००० |
| १७ | स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम (संघीय सरकार) | ५०,००,००० |
| १८ | पूर्वाधार विशेष कार्यक्रम (प्रदेश सरकार) | १,७०,००,००० |
| १९ | खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रम (प्रदेश सरकार) | २०,००,००० |
| २० | मुख्यमन्त्री रोजगार कार्यक्रम | ६०,००,००० |
| २१ | मुख्यमन्त्री दलित महिला आय आर्जन कार्यक्रम | १५,००,००० |
| २२ | सामाजिक सुरक्षा कार्यक्रम (नेपाल सरकार) | ५,००,००,००० |
| २३ | गाउँपालिकाको खेलग्राम निर्माण | ५०,००,००० |
| | | ५५,६१,०६,९३० |

## व्यय अनुमान

| | | |
|---|---|---|
| १ | प्रशासनिक खर्च (चालु तथा पुँजीगत) | ७,५९,०९,९३० |
| २ | समपुरक साझेदारी कार्यक्रम | १,५३,००,००० |
| ३ | प्रकोष व्यवस्थापन कोष | २०,००,००० |
| ४ | मर्मत सम्भार कोष | १२,८६,००० |
| ५ | ४ र ५ नं. वडा कार्यालयहरुका भवन निर्माण | २,२५,००,००० |
| ६ | रुम स्वास्थ्य चौकीको भवन निर्माण | ५०,००,००० |
| | **विषयगत क्षेत्र** | |
| १३ | आर्थिक विकास | २,६४,९०,००० |
| १४ | सामाजिक विकास | २२,३५,७८,००० |
| १५ | भौतिक पूर्वाधार विकास | ११,०१,३४,००० |
| १६ | वातावरण तथा विद् व्यवस्थापन | १५,०८,००० |
| १७ | संस्थागत विकास र सुशासन | ६६,००,००० |

| | | |
|---|---|---|
| | **अन्य** | |
| १८ | प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम | ३,५०,००० |
| १९ | गरिवसँग विश्वेश्वर कार्यक्रम | ४,९५,००० |
| २० | बहुक्षेत्रीय पोषण कार्यक्रम | १९,५६,००० |
| २१ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संघीय सरकार) | ४०,००,००० |
| २२ | स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम (संघीय सरकार) | ५०,००,००० |
| २३ | पूर्वाधार विशेष कार्यक्रम (प्रदेश सरकार) | १,७०,००,००० |
| २४ | खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रम (प्रदेश सरकार) | २०,००,००० |
| २५ | मुख्यमन्त्री रोजगार कार्यक्रम | ६०,००,००० |
| २६ | मुख्यमन्त्री दलित महिला आय आर्जन कार्यक्रम | १५,००,००० |
| २७ | सामाजिक सुरक्षा कार्यक्रम (नेपाल सरकार) | ५,००,००,००० |
| २८ | गाउँपालिकाको खेलग्राम निर्माण | ५०,००,००० |
| | | ५५,६१,०६,९३० |

अन्तमा

यस भगवतीमाई गाउँपालिकाको सातौ गाउँसभाका सभाध्यक्ष ज्यू, जिल्ला समन्वय समितिका सदस्य ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँ सभाका सम्पुर्ण सदस्यहरु र कर्मचारीहरुप्रति आभार व्यक्त गर्दै रचनात्मक सुझावहरु प्राप्त हुने आशा लिएको छु । प्रस्तुत नीति, कार्यक्रम र बजेट पारित गर्न सहयोग प्राप्तहुने र पारित पश्चात सफल कार्यान्वयनको लागि आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण सहयोगको अपेक्षा गर्दै सबै प्रति हार्दिक कृतज्ञता एंव धन्यवाद व्यक्त गर्दछु ।

धन्यबाद ।

**मिति : २०७७ आषाढ १० गते**

**चन्द्रा रेग्मी**
**उपाध्यक्ष**
**भगवतीमाई गाउँपालिका, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**